**खत्याड गाउंपालिकाको सातौं गांउ सभामाखत्याड गांउपालिकाका अध्यक्ष श्री उव्जन वहादुर शाही बाट प्रस्तुत आ.व.२०७७/७८ को नीति, तथा कार्यक्रम वक्तब्य :**

यस गरिमामय सभामा उपस्थित उपाध्यक्ष
लगायत आदरणिय सभाका सदस्य ज्युहरु,

**संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको पहिलो स्थानीय तहको निर्वाचित अध्यक्षको हैसियतमा हाम्रो खत्याड गाउंपालिकाको यस गरिमावय सातौ गांउ सभामा आर्थिक वर्ष ०७७०७८ का लागि** नीतितथा कार्यक्रम प्रस्तुत गर्ने अवसर पाएकोमा मैले अत्यन्त गौरव महसुस गरेको छु ।सर्वप्रथम आफ्नो व्यक्तिगत जीवनको प्रवाह नगरी देश, राष्ट्र तथा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको क्रममा आफ्नो प्राण आहुती दिने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरु प्रति हार्दिक श्रद्धासुमन अर्पण गर्न चाहन्छु ।

साथै विश्वभर महामारीको रुपमा फैलिएको कोभिड १९ का कारण ज्यान गुमाएका नागरिकहरु प्रती हार्दिक श्रद्धान्जली व्यक्त गर्दै यसवाट संक्रमित नागरिकहरुको सिघ्र स्वास्थलाभको कामना गर्दछु । यस महामारीको रोकथाम, नियन्तरण, उपचार लगाएत व्यवस्थापनका अन्य कार्यमा अहोरात खटिई स्थानीय सरकारलाई सहयोग पुर्याउनुहुनेसम्पुर्ण जनप्रतिनिधी ज्युहरु, स्वास्थकर्मि, सुरक्षाकर्मि, प्रशासनिक निकाय, स्वयम्सेवक, सम्पुर्ण खत्याडवासी नागरिक र अन्य महानुभावहरु प्रति उच्च सम्मान र आभार प्रकट गर्न चाहन्छु । अझैपनी सममाजिक दुरी कायम गर्दै यसको संक्रमणवाट आफुपनि सुरक्षित रहन र अरुलाई पनि सुरक्षित राख्न यस गरिमामय सभा मार्फत हार्दिक अनुरोध गर्न चाहन्छु ।

**आदरणीय यस सभाका सदस्यज्युहरु**
नेपालको राजनैतिक इतिहासमा युगान्तकारी महत्व राख्ने परिवर्तनका साथ नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रतात्मक मुलुकको रुपमा स्थापीत भएको छ ।संविधान सभा मार्फत संघिय संरचना सहितको लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था, वहुलवाद, सामाजिक न्याय सहितको समानुपातिक, समावेशी प्रतिनिधिमुलक व्यवस्था, मौलिक अधिकार, नागरिक स्वतन्त्रता, धर्म निरपेक्षता जस्ता महत्वपुर्ण उपलब्धिहरु संस्थागत भएका छन । संविधानले व्यवस्था गरेको **संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको** ३ वटा सरकार मध्ये जनतासंग सवै भन्दा नजिकको सम्वन्ध राख्ने स्थानिय सरकार संचालनका लागि जनताले स्थानिय निर्वाचन मार्फत आफ्ना प्रतिनिधिहरु निर्वाचितगरेको आज ३ वर्ष वितिसकेको छ । **यस खत्याड गाँउपालिकाको सातौगांउ सभामा** हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नु भएका अतिथि र प्रमुख अतिथि लगाएत सम्पुर्ण महानुभावहरुमा हार्दिक स्वागत अभिवादन गर्न चाहन्छु ।

खत्याड गांउपालिका लोकतान्तिक पद्धती र विधिको शासनप्रति पुर्णरुपमा प्रतिवद्ध छ । यसैको जगमा रहेर सुखि नेपाली समृद्ध नेपालको राष्टीय लक्ष्यलाई पुरा गर्न हामी हरपल प्रयत्नशिल रहेको व्यहोरा यस गरिमामय सभालाई स्मरण गराउन चाहन्छु ।सिमितश्रोत र साधानका वावजुत पनि हामिप्रती जनताका असिमित अपेक्षाहरु रहेको महशुस भएको छ । यस प्रकारको परिस्थितीका विचवाट पनि खत्याडको समग्र विकासका लागि आवश्यकता, प्रथामिकता र औचित्यताका आधारमा वार्षिक विकास लक्ष किटान गरि यो निति र कार्यक्रम ल्याईएको छ ।स्थानिय तह, प्रदेश सरकार र संघिय सरकार विचको सहकार्य, सहसस्तित्व र समन्वयका आधारमा यसको सफल कार्यान्वयन हुन सक्यो भने जनताको अपैक्षहरु क्रमश पुरा गर्न सकिने व्यवहोरा यस गरिमामय सभामा निवेदन गर्न चाहन्छु । यसकासाथै सम्पुर्ण राजनैतिक दल, नागरिक समाज, संघसंस्था, सहकारी तथा निजि क्षेत्र सवैकोसकरात्मक सोच, जुझारु एकता, दृढ ईच्छाशक्ति हुन अति नै आवश्यक छ । जसवाट खत्याड गांउपालिका मुलुककै एक नमुनायोग्य सुखि र समृद्धस्थानीय तहका रुपमा देख्ने हामी सवैको साझा सपना पुरा हुनेछ भन्ने अपेक्षा लिएको छु ।

**आदरणीय सदस्यज्युहरु,**
अब म यस सम्मानित सभामा आगामी वर्ष लिईने मुख्य मुख्य नीति तथा कार्यक्रम प्रस्तुत गर्नअनुमति चाहन्छु ।

- भौतिक पूर्वाधारकासंरचना निर्माणका लागि गरिने सम्झौता प्रकृयामा प्राकृतिक प्रकोप तथाजोखिम विष्लेषण प्रतिवेदनलाई अनिवार्य रुपमा समावेश गर्ने निति लिईएको छ ।
- निर्धारित मापदण्ड अनुसारको सडक प्रत्येक वडा केन्द्रमा पुर्याउने गरि सडक संजालको विकास कार्यलाई निरन्तरता दिईएको छ । रारा पर्यटकिय द्रुतमार्ग (झङ्गोला - रारा), सेरी - नारगे, बरातु - चिन्तु, रिगा - डुमाना, र सेरी - ज्यूका रिगा सडक खण्डलाई ०७७/७८ भित्रै सम्पन्न गर्न प्रदेश तथा केन्द्र सरकारसंग समन्वय गरिनेछ ।माझचौर - जिउका, सेरा- रिखिया, राता‌पानी - वाडु

र रातापानी - नखर्जि, पुत्ताखोला - तर्मा, जोगिलेख - वमकांडा - तर्मागुफा, राउतडी - क्यातडी - लाम्रुग्रामिण सडक लाई निरन्तरता दिईनेछ ।

- जतातते सडकको ट्याक खोली वातावरण विनास गर्ने कार्यलाई निरुत्साहीत गर्न गांउपालिका यातायात गुरुयोजनाको पुर्णरुपमा कार्यान्वयन गरिनेछ ।
- गाडी सेवा संचालनमा रहेका सडक खण्डमा सडक मर्मत सुधार काउण्टर स्थापना मार्फत सडक मर्मतसुधार शुल्क लिई उक्त संकलित रकमलाई सडक मर्मत संभारको को कार्यमा लगानी गरिनेछ ।
- लैङ्गिक समानता र सामाजिक समावेशीकरणको नीतिलाई प्रोत्साहित गरिने छ ।महिलामात्र उपभोक्ता समिति भएका निर्माण आयोजनालाई जनसहभागीतावाट वेहोर्नु पर्नेकुल रकममा ५ प्रतिशत छुट दिने र सार्वजनिक निर्माणका उपभोक्ता समितिमा ४० प्रतिशत महिला अनिवार्य रुपमा रहने व्यवस्थालाई निरन्तरता दिईएको छ ।
- खत्याडगांउपालिका क्षेत्र भित्र स्थापना भएका प्रविधिक धारका विद्यालयहरुको संचालन तथा व्यवस्थापन कार्यमा सहयोग पुर्याउन CTEVTE को पुर्ण स्वामित्वमा रहने गरि सामुदायिक वहुप्रविधिक शिक्षालयको स्थापनाका लागि पहल गरिनेछ ।
- स्थानीयश्रोत साधान र सिपका आधारमा कम्तिमा पनि ५ जनासम्म रोजगार दिने गरी महिला वा महिला समुहवाट निर्यातजन्य उधोग स्थापनाभई संचालन भएमा कुल संचालन लागतको २५ प्रतिशत रकम अनुदान दिने व्यवस्थालाई निरन्तरता दिईनेछ ।
- होमस्टे, भाषा, संस्कृति, कला,लगाएत ऐतिहासिक, पुरातात्वतिक, धार्मिक र सास्कृतिक महत्वका स्थलहरुकोअन्वेषण, संरक्षण तथा प्रवर्द्धन गरिपर्यटक गन्तव्य स्थलको रुपमा विकास गरिनेछ । खेस्मा, तर्मागुफा, हलेसीगुफा, भाङ्गछडा, नाउली, वाटुलीझार, खेति, हेर्नी, मणिदह, चंखेली, शिवमन्दिर नखर्जि लगाएत अन्य पर्यटकिय क्षेत्रहरुको संरक्षण तथा व्यवस्थापन गुरुयोजना निर्माण गरि कार्यान्वयनमा लगिनेछ ।
- संघिय तथा प्रादेशिक सरकारसंगको सहकार्यमा कालाकाडा-चाकपाडे, ढिर्याकोट, सेरा,तर्मा क्षेत्रमा आर्थिक रुपले महत्वपुर्ण जडिवुटी उत्पादन, प्रशोधन तथा अनुसन्धान केन्द्रको स्थापना गरि संचालनमा ल्याईनेछ ।
- एक युवा एक उद्यमशिलता अभियान अर्न्तगतप्रत्येक युवाले आफ्नो वार्षिक लक्ष्य किटान गरी सम्वन्धित वडा कार्यालयमा दर्ता गराउनु पर्नेछ ।तद्अनुरुपयुवाहरुको रुचि, दक्षता र उधमशिलताको क्षेत्र पहिचान गरि सो लक्ष्य प्राप्तिका लागि आवश्यक सहयोग तथा सहजिकरण गरिनेछ ।
- कोभिड १९ का कारण रोजगारी गुमाई भारत तथा अन्य मुलुकवाट फर्कि आएका खत्याडवासीहरुको तथ्याकं अभिलेख संकलन तथा अद्यावधिक गरि निजहरुका लागि स्थानिय स्तरमा रोजगारी सुजना गर्नका लागि आवश्यक पहल गरिनेछ ।
- खत्याडको पानीउज्यालोको लागि घर घरको लगानी अभियानलाई निरन्तरता दिदै जनताको शेयरवाट ५०० KWक्षामताको खत्याड खोला जलविधुत आयोजना, ६५ KWक्षमताको श्रीकोट जलविधुत आयोजना, ३५ KWक्षमताको भागोटीखोला, ३४KWक्षामताको सेरी जलविधुत आयोजनागरि जम्मा ६३४KW विधुत आगामि १ वर्षमा उत्पादन तथा वितरण गरिनेछ ।
- खत्याड खोला विरावगर साना जलविधुत आयोजनावाट साविकको गम्था गाँउ विकास समिती र हालको वडा नं ६ र ७लाभान्वित नभई अन्धकारमा वस्नुपर्ने भएकाले उक्त साविकको गम्था गाँउ विकास समितीका सम्पुर्ण वस्तिहरुमा खत्याड खोला विरावगर सेरा साना जलविधुत आयोजनावाट लाभान्वित हुनेगरि विधुत जडान गर्नका लागि आवश्यक पहल गरिनेछ ।
- आ.व. ०७७/७८ भित्रैखत्याड गाउँपालिका क्षेत्रभित्र विमानस्थल निर्माणको लागि उपर्युक्त स्थान छनौट गरिDPR तयार गरिनेछ ।
- प्रथामिक स्वास्थ्य केन्द्ररातापानिमा विषशज्ञ डाक्टर वाट जनरल सर्जरी, प्रसुती लगाएतका विषशज्ञ सेवा तत्काल संचालन गरिनेछ । यसका लागि केन्द्र परिसरमै शलभ औषधि पसल संचालन, आधुनिक पुर्वाधार निर्माण, यन्त्र उपकरण, ल्याव स्तरोन्नती सहितको विषशज्ञ अस्पतालको रुपमा विकास गरिने छ ।
- विकास साझेदार र विभिन्न गैह्रसरकारी संस्थासंगको साझेदारीमा खोपको सवसेन्टर स्थापना तथा संचालन गरि यही आ.व. भितर गांउपालिका लाई पुर्णखोप युक्त गांउपालिका घोषणा गरिनेछ ।
- प्रदेश सरकारसंगको साझेदारीमा एम्वुलेन्स खरिद गरि संचालनमा ल्याईनेछ । प्रथामिक स्वास्थ्य केन्द्र रातापानि र स्वास्थ चौकि श्रीकोट वाट संचालन हुने एम्वुलेन्स सेवावाट अति गरिव, फरक क्षमता, एकल महिला लगाएतका असाहयहरु लाई विषेश सहुलियत प्रदान गरिनेछ ।
- दलित परिवारवाट MBBS डाक्टर तथा ईन्जीनियर अध्ययनका लागि प्रवेश परिक्षामा छनौट हुने विधार्थि मध्ये ४ जनालाई पुर्ण छात्रवृत्तिको व्यवस्था गरिनेछ । तर उक्त छात्रवृत्तिमा अध्ययन गरेको चिकित्सकले कम्तिमा पनि ७ वर्ष खत्याड गाउंपालिका अर्न्तगतको अस्पतालमा सेवा गनुपर्नेछ ।

खत्याड गाउँपालिका

- कोभिड १९ को महामारीवाट वच्न र वचाउन यस खत्याड गांउपमलिका सकृयतापुर्वक लागिपरेको छ । देश विदेशवाट घर फर्किएका खत्याडवासिहरूका लागि प्रवेश गर्ने नाकाहरूमा चेकजांच र क्वारेन्टाईनको उचित व्यवस्थापन, मनोसामाजिक परामर्श, रोग प्रतिरोधि क्षमताको विकास तथा जनचेतनामुलक कार्यवाट कोरोना मुक्त गांउपालिका वनाउने अभियानमा सम्पुर्ण सरोकारवालाहरूको परिचालनलाई अझै कडा र तिव्र पारिनेछ ।
- कोभिड १९ को रोकथाम नियन्तरण, रोकथाम र संक्रमित नागरिकहरूको उपचारको लागि २५ वेडको आईसेलेसन सेन्टर निर्माण गरिएको छ । यसको अझै प्रभावकारी संचालन र व्यवस्थापन प्रकृयालाई निरन्तरता दिईनेछ । आईसोलेसन केन्द्रमा २४ सै घण्टा सेवा दिनुपन चिकित्सक तथा स्वास्थकर्मिहरूका लागि स्थानिय तहवाट स्वास्थ सुरक्षा सामाग्री लगाएत थप सेवा सुविधाको व्यवस्थालाई निरन्तरता दिईएको छ ।
- सामाजिक जागरण अभियान मार्फत गर्भवति महिलालाई अनिवार्य रुपमा स्वस्थ्य संस्थामा गई नियमित चेकजांच र सुत्केरी गराउने कार्यलाई प्रोत्साहन गरिने छ ।गाउँमा कृयाशिल स्वास्थ्य स्वयंसेविकावाट गरिने स्वास्थ्य सेवाको उचित कदर गर्दै उनिहरुको स्वास्थ विमा गरिनेछ । साथै उनिहरुलाई दिदै आएको मासिक प्रोत्साहन भत्तालाई निरन्तरता दिईएकोछ ।
- महिलाको अधिकार सुनिश्चितता र आर्थिक सामाजिक सशक्तिकरणका लागी महिला शसक्तिकरण केन्द्र स्थापना गरि संचालन गरिनेछ ।
- वन, भू-संरक्षण तथा कृषि विकास मन्त्रालय सँगको समन्वयमा सामुदायिक वन, कबुलियती वन तथा कृषि फार्महरूमा घाँसेबाली प्रवर्द्धन गरिनेछ ।
- एक वडा एक प्राविधिक कार्यक्रम अर्न्तगतकृषि तथा पशु प्राविधिकहरु वस्ति वस्तिमा परिचालन गरिनेछ । प्रत्येक किसान परिवारको पशु तथा कृषि लगत तयार गरि मासिक रुपमा अध्याधिक गर्ने निति लगिनेछ ।
- एक वडा एक उत्पादन कार्यक्रम अर्न्तगतकृषि पकेट क्षेत्र निर्धारण गरिउत्पादनतथा निर्यात प्रवर्द्धनगरिनेछ । माछापालन,चल्ला उत्पादन, उन्नत जातका विउ वाखा खरिद विक्रि श्रोतकेन्द्र स्थापना गरिनेछ ।गाई, भैसी तथा वाख्राहरुमा कृतिम गर्भादानको माध्यामवाट उन्नत जातका पशु उत्पादन गरिनेछ ।
- स्वच्छ तथा गुणस्तरीय मासु तथा दुध उत्पादन, विक्रि वितरणका लागि उन्नत तथा उत्पादनमुलक पशुवस्तु पालनका लागि आवश्यक पर्ने कार्यक्रमको तर्जुमा गरिनेछ ।
- कृषि उत्पादनमा रासायनिक मल पुर्णत निषेध गर्ने कार्यलाई निरन्तरता दिईएको छ । प्रा · f गारिक मल, जैविक विषादीको उत्पादन तथा प्रयोगलाई प्रोत्साहन गरिनेछ ।
- आयातित तेलको प्रयोगलाई निरुत्साहित गर्दै स्थानीय स्तरमा उत्पादन हुने ओखर, तोरी, ढटेलो, काउलो, चुली, सुर्यमुखि र च्यूरीको तेल उत्पादन र प्रशोधनबाट खत्याड गांउपालिका लाई खाने तेलमा आत्मनिर्भर बनाइनेछ ।
- प्रदेश सरकारसंगको सहकार्यमा उत्पादित कृषिजन्य वस्तुहरुको सुरक्षीत भण्डारणका लागि ठुलो क्षमताको शितघर निर्माणकार्यको थालनी गरिने छ ।
- गांउपालिका क्षेत्रमा रहेका जाम, माझचौर रातापानीको वजार क्षेत्रमा कृषि हाटवजार व्यवस्थापन समिति मार्फत कृषि हाटवजार स्थापना गरि कृषिजन्य उत्पादनको खरिद विक्रिलाई व्यवस्थित गरिनेछ ।
- खाद्य तथा कृषि उत्पादनमा आत्मनिर्भरता वढाउन घाटजिउला, नखर्जी, गम्था, ह्याङ्गलु, अन्य खत्याड खोलावाट सिंचित हुन सक्ने कृषियोग्य भूमिमा बाह्रै महिना सिँचाइ सेवाको विकास र विस्तार गर्ने गरी नयाँ सिँचाइ गुरुयोजना तयार गरी लागु गरिनेछ ।
- कम्तिमा ५ रोपनी वा सो भन्दा वढी चक्लावन्दि भएको जग्गामा एकै प्रकारको खेति गर्ने कृषकलाई व्यवसायिक किसानको रुपमा पहिचान गरि परिचयप वितरण गरिनेछ ।
- खत्याड खोला लगाएत अन्य सहायक खोलाबाट हुने कटानको समस्यालाई सुव्यवस्थित र योजनाबद्ध ढङ्गले, समाधान गर्न खत्याडी गाढ संरक्षण, नियन्त्रण तथा व्यवस्थापन गुरुयोजना तयार गरी सो मुताविक कार्यान्वयनमा लगिने छ ।
- अनधिकृत, अनियन्त्रित तथा अव्यस्थित बस्ती विकासमा रोक लगाइनेछ ।गाढेखोला वस्ति विकास कार्यक्रम यसै वर्षभि सम्पन्न गरिनेछ । रिगा वस्ति विकासका लागि यसै आर्थिक वर्षभि आवश्यक जग्गा छनौट गरि DPR को काम सम्पन्न गरिनेछ ।
- खत्याड गांउपालिकामा रहेका ८० वर्षभन्दा माथि उमेर समुहका वृद्धवृद्धाका लागि घरघरमा गई घरदैलो चिकित्सकियउपचार सेवा उपलब्ध गराईनेछ ।
- 'एक घर एक करेशावारी'र 'एक घर ५० फलफुल विरुवाको एक वगैचा'को व्यवस्थालाई अनिवार्य रुपमा गर्ने नितिलाई निरन्तरता दिईनेछ ।

खत्याडगाउँपालिका

- गाउंपालिका क्षेत्रभित्रपुर्ण सरसफाई, वालविवाह मुक्त, वालमैत्री वडा घोषणा गर्ने वडालाई सम्मान-पत्र सहित प्रोत्साहन अनुदान दिईनेछ । उक्त अनुदान सम्वन्धित वडा समितिको निर्णय वमोजिम खर्च हुनेछ ।
- गांउपालिका केन्द्रमा जनताले सम्पुर्ण प्रशासनिक सेवा सुविधाहरु एकै स्थानवाट पाउनसक्ने गरि प्रशासीनक प्लाजाको निर्माणका लागि संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसंग समन्वय गरिनेछ ।
- नाङ्गा डाडाँ तथा खालि जग्गाहरुमायथासिघ्र सामुदायिक वन तथा समुदायमा आधारित उच्चमूल्य तथा बहुउपयोगी फलफूल, जडिबुटी र बोटबिरुवा वृक्षारोपण अभियान सञ्चालन गरि खत्याडलाई हरित खत्याडको रुपमा विकास गर्न रु ३६ लाख रकम विनियोजन गरिएको छ ।जन्म, मृत्यु तथा विवाह जस्ता व्यक्तिगत घटना दर्ता गर्दा अनिवार्य रुपमा २ रुख रोप्ने कार्यलाई निरन्तरता दिईएको छ ।
- धुम्रपान तथा मध्यपानको जथाभाबी प्रयोगका कारण स्वास्थमा पर्न गएको असरलाई मध्यनजर गरि उक्त कार्य न्यूनीकरणका लागि मदिरा नियमन निर्देशक समितिलाई थप व्यवस्थापन तथा प्रभावकारी परिचालन गरिनेछ ।गांउपालिका क्षेत्रभित्रमदिराको अवैध उत्पादन, विक्रि वितरण तथा ओसारपसारलाई कडाईका साथ नियन्त्रण गरिनेछ।
- सुकाढीक - रिगा - ह्यागलु - विउरी - गोठी - राडी -जिउका - रोल - वमकाडा - साटवाडा -निगालिवोट - डाडुपाटा - भागोटी - चिन्तु चक्रपथ निर्माणका लागिसमपुरक कोष मार्फत थप रकम विनियोजनका लागि केन्द्रिय तथा प्रादेशिक सरकारलाई अनुरोधगरिनेछ ।
- स्थानीय न्यियिक समितिवाट गरिने न्याय सम्पादन प्रकृयालाई प्रभावकारी र विश्वसनिय वनाईने छ ।
- खत्याड गांउपालिका क्षेत्र भित्र रहेका खानेपानी (मुहान) को पहिचान गरि तत्काल संरक्षण गर्ने नितिलाई प्राथमीकता दिइने छ ।"एक घर एक धारा" को अवधारणा अनुसार स्वच्छ तथा गुणस्तरीय खानेपानी सेवा उपलब्ध गराइनेछ । मुहान संरक्षण लगाएत खानेपानी सुरक्षा योजनालागु गरी पानी प्रशोधन तथा परीक्षण प्रयोगशाला स्थापनागरिनेछ । साझा मुहानको खोजी गरि वृहत खानेपानी आयोजनावाट वडा नं ८,९ र ११ का सम्पुर्ण वस्ति र १० को केही  वस्तिमा खानेपानीको व्यवस्थापन गरिनेछ ।
- सरसफाई सम्बन्धी रणनीतिक कार्ययोजना बनाई सरसफाई लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछन । झुगोला, रातापानी, माझचौर, सेरी र मसानेमासार्वजनिक शौचालयहरु निर्माणका लागिविभिन्न संघ संस्था परिचालल गरिनेछ ।
- युवालाई मानसिक एवं शारिरिक रुपमा तन्दुरुस्त राख्न खेलकुद गतिविधीको विकास मार्फत उत्प्रेरित गरिने नीति लिईने छ । खेलकुद विकास समितिसँग समन्वय गरि गांउपालिका स्तरिय राष्टपति रनिग शिल्ड तथा अध्यक्ष कप प्रतियोगिता आयोजना गरिने छ । आधुनिक रंगशाला र कवर्डहल निर्माणकार्यको थालनी गरिनेछ ।
- शैक्षिक विकासका लागि संस्थागत तथा सामुदायिक विद्यालयहरुको शैक्षिक मापदण्ड तोकि सो अनुसारको नतिजा प्राप्त नगर्ने विधालय वा शिक्षकलाई तत्काल कानुनी कारवाही गरिनेछ ।
- विकास सांझेदार र विभिन्न गैह्रसरकारी संस्थासंगको  सांझेदारीमा आगामी वर्षभित्रै गांउपालिका लाई पुर्णसाक्षर गांउपालिका घोषणा गरिनेछ ।
- दरबन्दी नभएका र विषयगत शिक्षकको अभाव भएका सामुदायिक विद्यालयहरुमा विधार्थी संख्या, विषयगत तथा तहगत रुपमा दरवन्दि मिलान गर्ने र तत् पश्चात पनि शिक्षक दरवन्दी अपुग भएको खण्डमा स्वयम्सेवक शिक्षक मार्फत पठनपाठन सुचारु गरिनेछ ।
- गांउपालिका क्षेत्रभित्र रहेका सामुदायीक विधालयहरु एक आपसमामर्ज गर्ने विधालयहरुलाई प्रोत्साहन अनुदानको व्यवस्था गरिनेछ ।
- खत्याड गांउपालिका क्षेत्रका स्थायी वसोवास गर्ने अनुसन्धानकर्ता वा कोही कसैले नविनतम् खोज अनुसन्धान गरि मानिसको जनजीवनलाई सहज गर्ने खालको नविनतम् प्रविधिको सृजना गर्ने अध्ययन अनुसन्धानकर्ता का लागि प्रोत्साहन स्वरुप रु १ लाख सहित विषेश सम्मान गरिनेछ ।
- वालविकास केन्द्रमा भर्ना भएका वालवालिकाहरुको सामाजिक, सारीरिक तथा संवेगात्मक विकास गर्ने कार्यमा थप प्रभावकारीता ल्याउन ECDC का सहजकर्ताहरुलाई थप ३००० प्रोत्साहन भत्ता लाई निरन्तरता दिईएको छ ।
- दलितहरुको आर्थिक सामाजिक सशक्तिकरण, जातीय भेदभाव र छुवाछुतको अन्त्यका लागी हाल सम्म प्राप्त उपलब्धिहरुलाई संस्थागत गर्दै उनीहरुको अधिकार प्रवर्द्धनका लागी दलित डेस्कको संचालनलाई लाई थप प्रभावकारी वनाईनेछ । जातिय छुवाछुतमुक्त समाज निर्माणको लागि अर्न्तजातिय विवाह लाई प्रोत्साहन गरिनेछ ।

खत्याड गाउँपालिका

- प्रजनन उमेरका महिला, वालवालिका र किशोरी तथा विशेष गरि सुनौला एक हजार दिनका आमा तथा बालबालिकाहरुमा हुने कुपोषणको अवस्थामा सुधार ल्याउने उद्देश्यका साथ बहु क्षेत्रीय पोषण योजना कार्यान्वयन गर्नका लागिसमपुरक कोष (Matching Fund) को व्यवस्था गरिएको छ ।
- बजारको तयारी खानेकुरालाई निरुत्साहित गरि समुदाय, विधालय तथा अन्य स्थानमा हुने दैनिक खानपिनमा स्थानीय स्तरमा उत्पादन हुने अनाज तथा खाद्यवस्तुको प्रयोगलाई प्रोत्साहन गर्ने निति लिईएको छ ।
- उत्पादन मिति तथा मिश्रण उल्लेख नभएका र प्रयोग अवधि उल्लेख नभएका तथा म्याद नाघेका खाद्यवस्तु, औषधि बजारमा बिक्री वितरणमा पुर्णत प्रतिबन्ध लगाइनेछ ।
- खत्याडको प्रवेशद्धार झुगोलामा कला सस्कृति झल्कने गरि कलात्मक सहिद स्मृती प्रवेशद्धार निर्माण कार्य यसै वर्ष देखि शुरु गरिने छ ।
- गांउपालिकामा क्षेत्रभित्र निर्माण गरिने सडक लगाएत अन्य संरचनाहरुमा वृक्षारोपण गर्नु पर्ने व्यवस्थालाई अनिवार्य गरिएको छ । वृक्षारोपण कार्यलाई योजनाको लागत अनुमान तयार गरेको अवस्थामा समावेश गरी वृक्षारोपण पश्चात मात्र योजना फरफारक गरिने नीति अवलम्वन गरिने छ ।
- सामाजीक सुरक्षा भत्ता वितरण कार्य बैंक मार्फत मात्र गरिनेछ साथै सामाजिक सुरक्षा लाभग्राही सुची अद्यावधिक गरी सार्वजनिक गर्ने नीति लिइने छ ।
- खत्याड गांउपालिकाक्षेत्रभित्र रहेका सार्वजनिक प्रति तथा सरकारी जग्गाहरुमा वढ्दै गएको अतिक्रमण लाई निरुत्साहित गर्दै अतिक्रमण रोक्न र संरक्षण गर्न प्रत्येक वडामा सार्वजनिक जग्गा संरक्षण समिति गठन गरिने छ ।
- सडक निर्माणका सिलसिलामा सडक सिमाभित्र परेको जग्गाको लगतकत्ता गर्नका लागि तत्काल मालपोत कार्यालयसंग समन्वय गरिनेछ ।
- स्थानीयश्रम सेवा दललाई सम्पुर्ण विकास निर्माण, मदिरा नियन्तण, राजश्व संकलन लगाएतका अन्य उत्पादनमुलक कार्यक्रमका क्षेत्रमा परिचालन गरि रोजगारीका अवसरहरु सृजना गरिनेछ । मदिरा नियन्तरण कार्यदल, टोल विकास संस्था लगाएत गांउपालिकामा रहेका अन्य करार कर्मचारीहरुको कार्यसम्पादन क्षमताका आधारमा स्थानिय श्रम सेवा दलमा समायोजना गरि कार्यान्वयनमा लगिनेछ ।
- स्थानीय सरकारको निति र कार्यक्रमको पुर्ण पालना गर्दै दोहोरो नपर्ने गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैह्रसरकारी संस्थाहरु मार्फत श्रोत परिचालन गर्न प्रोत्साहित गरिनेछ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैह्रसरकारी संस्थाहरुको नियमन र सहजीकरण NGO Desk मार्फत हुनेछ ।
- संघिय सरकार, प्रदेश सरकार र स्थानीय सरकार संगको समन्वय र सहकार्यमा रारा पर्यटकिय द्रुतमार्ग (झङ्गोला - रारा) सडक खण्ड अर्न्तगत वांकि रहेको सडकनिर्माणको थालनी यसै आ.व.वाट प्रारम्भ गरिनेछ ।
- स्वास्थ क्षेत्रलाई जनताको घर दैलोमा पुर्‍याउन आ.व. ०७६।७७ मा गर्ने भनिएको वडा नं ६ मा वडा स्वास्थ्य कार्यालय, वडा नं ४ को जिउका र वडा नं ९ को नखर्जिमा सामुदायीक स्वास्थ्य ईकाई स्थापना र संचालनका लागि संघिय सरकार र प्रदेश सरकारसंगको समन्वय र सहकार्य गरिनेछ ।
- जनयुद्ध, शान्तिपुर्ण जनआन्दोलनकाक्रममा भएका द्धन्दपिडित, घाईते, अपागंहरुलाई आयमुलक तथा शिपमुलक तालिम कायक्रम मार्फत जनजिविकालाई सहज वनाउन विषेश पहल गरिनेछ ।

**सभाका सदस्यज्युहरु,**

अन्तमाः

स्थानीय सरकारहरुको प्रभावकारिता र सेवा प्रवाहमा गुणस्तरियता नै लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था सुद्धढिकरणको आधारस्तम्भ हो । जनताबाट निर्वाचित जनप्रतिनिधिहरुले नीति योजना तथा कार्यक्रम तय गर्ने, कर्मचारी वर्गले सोको प्रभावकारी कार्यान्वयन गर्ने, स्थानीय सरकारले गरेको काम कारवाहीकोसरोकारवाला, नागरिक समाज एवम् सञ्चार जगत्ले नियमित लेखाजोखा तथा खबरदारी गर्ने र नीति तथा कार्यक्रमको कार्यान्वयनमा सबै पक्षले समन्वयात्मक भूमिका निर्वाह गर्नुपर्ने आजको हो । खत्याडी जनताको विकास र सम्वृद्धिमा का लागि तय भएका निति तथा कार्यक्रम तय गर्ने सन्दर्भमा सर–सल्लाह, रचनात्मक सुझाव, मार्गदर्शन र सहयोगगर्नु हुने गांउपालिका उपाध्यक्ष, वडा अध्यक्ष, सदस्यहरु, राजनैतिक दल, विकास प्रेमी, समाज सेवी, सरकारी तथा गैसस निकायका प्रमुख एवं प्रतिनिधी, शिक्षक तथा बुद्धिजीवी, सञ्चारकर्मी महानुभावहरु लगायत कर्मचारी मित्रहरुलाई म यस शुभ अवसरमा अत्यन्तै हार्दिकतापूर्वक धन्यवाद व्यक्त गर्न

चाहन्छु । भविष्यमा पनि यस्तै प्रकारको सहयोग प्राप्त हुनेछ भन्ने विश्वास यस सम्मानित सभा समक्ष व्यक्त गर्न चाहन्छु ।प्रस्तुत निति तथा योजनाको सफल तथा प्रभावकारी कार्यान्वयनमा समेत खुला सहयोगको अपेक्षा गर्दछु ।

**धन्यवाद ॥**